# प्रेस नोट

सार्वजनिक छलफलको संस्कृति पूर्वीय समाजतिर उन्मुख छ ।

***पहिलो नेपाल मञ्च 'शान्तिका लागि प्रतिवद्धता' काठमाडौंमा माघ २४ देखी २६ मा युथ टाइमको आर्थिक सहायतामा सम्पन्न भयो ।***

**काठमाडौं, १८ माघ**

राष्ट्रिय युवा महासंघ नेपाल, युवा तथा खेलकुद मन्त्रालय र शान्ति तथा पुर्ननिर्माण मन्त्रालयसँगको साझेदारीमा *युथ टाइम इन्टरनेशनल मुभमेन्ट*ले राष्ट्रिय युवा मञ्च, २०६९ माघ २४ देखी २६सम्म काठमाडौंमा तय गरेको छ ।

युवा पहललाई प्रोत्साहन गर्न र विश्व भरका मानिसहरुको जिनवस्तर सुधार गर्ने अभिप्रायले त्यसप्रकारका युवा परियोजनाहरुलाई युथ टाइम इन्टरनेशनल मुभमेन्टले आर्थिक र संस्थागत सहयोग प्रदान गर्दछ ।
युथ टाइमका अध्यक्ष जे किनास भन्नुहुन्छ, 'हाम्रा अनुभवहरुलाई युरोपियन समाजमा मात्र नभई पूर्वीय समाजमा त्यहाका कामलाई प्रेरित गर्न र अहिलेका जल्दाबल्दा सवालहरुलाई सार्वजनिक छलफललाई अगाडी बढाउने अवसरकोरुपमा यसलाई हामीले लिएका छौं । हामीलाई आशा छ, यो मन्चले परिवर्तनकामी, प्रतिभावान युवाहरुलाई चिनाउने छ ।'

अन्तर्राष्ट्रिय दुरसञ्चार युनियन र युनेस्कोको तथ्याकअनुसार एक दशकको नेपालको सशस्त्र संघर्षपछिको नेपाली समाजमा ७ प्रतिशत नागरिकहरुसँग मात्र इन्टरनेटको पहुच र २३ प्रतिशत महिलाहरु निरक्षरता रहेको छ । नेपालमा जारी शान्तिप्रक्रियामा युवाहरुको सहभागीता ज्यादै न्यून रहेको छ । समाज रुपान्तरणमा युवाहरुले महत्वपूर्ण भूमिकाहरु निर्वाह गर्न सक्छन्, जो ग्रामिण विकास, दिगो शान्ति र कतिपय अवस्थामा द्धन्द्वको जड कारण पनि हो ।

काठमाडौंमा आयोजान हुन लागेको यो मञ्चमा नेपालभरबाट दुई सय जना युवा, विभिन्न मुलुकबाट ३० पर्यवेक्षक र नेपाल सरकारका प्रतिनिधि सहभागी रहनेछन् । जलवायु परिवर्तन, दिगो अर्थतन्त्र र नेतृत्व जस्ता विषयहरुमा मञ्चमा गहन हुनेछ ।

यो मञ्च सन् २०१२मा आयोजित रोहड्स युवा मञ्चमा युवा अगुवा कविन्द्र बुर्लाकोटीद्वारा प्रस्तावित र प्रस्तुत कार्यक्रम अन्तर्गत हुन लागेको हो । अरु दुई विजेताहरुसँगै कविन्द्रले यो मञ्च आयोजना गर्नाका लागी सहयोग रकम प्राप्त गर्नुभएको हो । कविन्द्रसँगै अन्य छनौट भएका युवा परियोजनामा जाम्भियाका इरास्मस म्युनेको युवा उद्यमीहरुलाई स्रोत केन्द्र प्रदान गर्ने परियोजना र भारतका राकेश विश्वासको स्थानीय विद्यालयहरुमा हरित व्यवसाय सञ्चालन गर्ने परियोजना रहेका छन् । सन् २०१३ का लागी परियोजनाहरुको आव्हान, फेव्रअरीमा पुन गरिनेछ ।

***युथ टाइम इन्टरनेशनल मुभमेन्ट :***
यो सस्था विभिन्न मुलुकका युवाहरुले सन् २००८मा स्थापना गरेको गैह्रसरकारी र गैह्रनाफामुलुक संस्था हो । जसको मुख्य कार्यालय चेक रिपब्लीकस्थित प्रागमा रहेको छ । यसका मुख्य क्रियाकलाप अन्तर्गत विश्वभर जीवनस्तर सुधार गर्ने, सभ्यता र पुस्ताका बीच संवादको वातावरण सिर्जना गर्ने र जीवनका मुल्य र वर्तमान विकास क्रमका बारेमा चेतना अभिवृद्धि गर्ने तर्फ लक्षित रहेको छ ।

**प्रेसका लागी सुचना :**
वक्ताहरुसँगको अन्तर्वार्ता र आवश्यक तस्वीरहरु उपलब्ध छन् ।
सम्पर्क : इकातेरिना पार्सिना, इमेल-parshina@m–p.ru, फोन :+79161893095